# राष्ट्रिय युवा सम्मेलन

## घोषणा - पत्र

## २०६५ पौष ९-११ गते, धुलिखेल, काभेपलान्चोक

हामी नेपाली युवा विकसित राष्ट्र र सु-संस्कृत सामाजिक प्रणाली स्थापना गर्ने पमुख पक्ष (Actor) आफूलाई ठानी देशमा दिर्घकालिन स्थायी शान्ति कायम राख्न, नेपालको राष्ट्रिय अखण्डता, सार्वभौमिकता, राष्ट्रिय स्वतन्त्रतालाई अझ बढी मजबुत बनाउन, आउँदा दिनमा राष्ट्रमा लोकतान्त्रिक मुल्य मान्यता र आपसी भाइचाराको भावनालाई संस्थागत गर्न विगतदेखि वर्तमान सम्मका ऐतिहासिक आन्दोलन तथा क्रान्तिबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, सम्झौतालाई कार्यान्वयन गराउन नयाँ संविधानमा युवाका विषय र सरोकारहरु लाई संवैधानिक प्रत्याभूति गराउन, राज्य पुनः संरचना गर्ने प्रक्रियामा आफ्नो भूमिका र मुद्दाहरु स्पष्ट गर्न हामी युवाहरु निम्नानुसार घोषणा गर्दछौं ।

**शिक्षाः**

१. हामी युवाहरु, शिक्षा वैज्ञानिक र जिवनोपयोगी हुनुपर्ने कुरामा जोड दिन्छौं, शिक्षा रोजगारमुखी हुन सक्नुपर्दछ, कुनैपनि प्रकारका असमानतालाई छिटो कम गर्न सक्ने हुनुपर्दछ, पुस्ता-अन्तरलाई मिलाउन सक्ने तथा मातृभूमि प्रति माया जगाउने, देशमा भएको श्रोत र साधनलाई परीचालन गर्न सक्ने नागरिक तयार गर्ने, नागरिकलाई अन्तराष्ट्रिय स्तरमा पुऱ्याउन सक्ने, गुणस्तरयुक्त हुनुपर्ने वास्तविकतामा जोड दिन चाहन्छौ । भौगोलिक विशिष्टता अनुसार सामाजिक तथा सांस्कृतिक रुपमा राष्ट्रलाई एकतावद्ध गर्ने अनुसन्धानात्मक शिक्षाको तत्काल कार्यान्वयनमा यो सम्मेलन विशेष जोड दिनचाहन्छ ।

२. हामी युवा, शिक्षालाई अर्थपुर्ण मौलिक अधिकारको रुपमा स्थापित गर्न चाहन्छौं, संघीय संरचनाको स्थानीय, प्रान्तिय र केन्द्रीय स्तरमा शिक्षालाई समान लक्ष्यप्राप्तिको लागि उपयोग गरिनु पर्ने कुरामा विश्वास गर्दछौं । त्यसको लागि हामी युवाहरु राष्ट्रिय शैक्षिक नीति, सम्पूर्ण प्रान्तहरुको सहभागितामा निर्माण हुनुपर्ने तथा शैक्षिक प्रशाषन प्रान्तिय र स्थानीय सरकारले संचालन गर्नमा जोड दिन्छौं ।

३. स्थानीय प्राकृतिक श्रोत र साधन परिचालन गर्ने उद्देश्यले सम्बन्धित विषयको साझा राष्ट्रिय अनुसन्धान केन्द्र, प्राविधिक शिक्षालयहरु पर्याप्त मात्रामा

स्थापना हुनुपर्ने माग गर्दछौं, सो को लागि केन्द्रीय, प्रान्तिय र स्थानीय सरकार बीच आपसी सामन्जस्यता र समन्वय हुनुपर्ने कुरामा जोड दिन चाहन्छौं ।

४. मातृभाषा प्रयोगको जनसंख्याको आधारमा प्रत्येक विद्यालयमा ऐच्छिक विषय राखिने र नेपाली तथा अंग्रेजी भाषा अन्य विषयको पढाइको माध्यम बनाइनु पर्नेमा जोड दिन्छौं । सबै समुदायको संस्कृति तथा भाषा संरक्षण तथा प्रवर्द्धनको लागि भाषा संस्कृति विश्वविद्यालय स्थापना गर्ने, जसका अनुसन्धान केन्द्रहरु प्रत्येक प्रान्तमा रहने व्यवस्था गरिनुपर्दछ । १२ कक्षा सम्मको शिक्षा निःशुल्क र अनिवार्य बनाइनुपर्छ र सो स्तरसम्म एउटै परीक्षा प्रणाली लागु गरी एउटै स्तरको प्रमाण पत्र वितरण गरिनुपर्छ ।

५. हामी युवाहरु आम नागरिकको शैक्षिक चेतनास्तर वृद्धि गर्ने गराउने भूमिका खेल्न चाहन्छौं । शिक्षामा विद्यमान अनियमितता, अलोकतान्त्रिक पद्धतिलाई निरुत्साहित गरी हरेक नयाँ विचारले शैक्षिक नीति-निर्माण र कार्यान्वयनमा सकारात्मक प्रभाव पार्नु पर्दछ भन्ने कुरामा विश्वास गर्दछौं र सो को सुनिश्चितता होस् भन्ने चाहन्छौं ।

६. हामी युवाहरु आपसी समन्वय कायम गरी शिक्षाको विकासमा युवाको योगदानलाई अर्थपूर्ण बनाउन विशेषज्ञता प्रदान गरी विद्यमान निरक्षरता उन्मुलन गर्न कतिवद्धता भएर कार्यरत रहनेछौं ।

७. शैक्षिक क्षेत्रलाई अनावश्यक राजनीतिकरण हुन नदिन सशक्त सहजकर्ता तथा स्वयंसेवकको भूमिका खेल्न राज्य तथा अन्य सम्बन्धित सरोकारवालाहरुले हामी युवाहरुलाई सहयोग पुऱ्याउनु पर्ने कुरामा जोड दिन चाहन्छौं ।

**रोजगारः**

१. हामी नेपाली युवाहरु देशका आर्थिक आधारहरुलाई पहिचान गरी त्यस्ता क्षेत्रहरुमा सार्वजनिक-निजी लगानीको मान्यता अनुसार रोजगारीका क्षेत्रहरुमा युवा रोजगारी सुनिश्चितता गर्न आवश्यक भएको ठान्दछौं । हामी युवाहरु हाम्रा परम्परागत पेशाहरुलाई आधुनिकीकरण गरी त्यसलाई मर्यादीत बनाएर त्यसमा युवाहरुको रोजगारी सुनिश्चितता हुनुपर्दछ भन्ने ठान्दछौं ।

२. जलश्रोत, कृषि र पर्यटन क्षेत्रमा युवा उद्यमशीलता सुरक्षितता होस् भन्ने चाहन्छौं । यस्तो क्षेत्रहरुमा युवा उद्यमशील रहँदा राज्यले विशेष सहुलियत सुविधाको व्यवस्था गर्न माग गर्दछौं ।

३. हामी युवाहरु विभिन्न खाले रोजगारी भित्र हुने विभेदलाई अन्त्य गरी पेशागत सम्मान सृजना गरी त्यसलाई कायम राख्न सरोकारवालाहरुसँग अनुरोध गदछौं ।

४. युवाको पूर्ण रोजगारीको सुनिश्चितता गर्न देशमा शान्ति स्थापना गरी युवा प्रतिभाको खोजी गर्ने र त्यसलाई कदर गर्ने कार्य गरिनु पर्छ भन्ने ठान्दछौं, आन्तरीक रोजगारीको विकास गर्न युवालाई शैक्षिक योग्यताको आधारमा विना धितो ऋण उपलब्ध गराउन माग गर्दछौं ।

५. देशको समग्र शिक्षा प्रणाली रोजगारमुखी निर्माण गरिनुपर्ने कुरामा यो सम्मेलन विशेष माग गर्दछ । वेरोजगार युवाको लागि राज्यले स्वयंसेवक भत्ताको व्यवस्था गर्नुपर्दछ । साथै वेरोजगार अवधि भर राज्य तथा अन्य सरोकारवालाहरुले युवालाई विभिन्न क्षेत्रमा स्वयंसेवाको अवसर उपलब्ध गराउन माग गर्दछौं ।

६. देशमा भएका बहुराष्ट्रिय कम्पनीहरुको उत्पादन र व्यवस्थापन समूहमा युवालाई सहभागि गराउनु आवश्यक भएको हामी ठान्दछौं । हामी युवाहरु देशको चौतर्फी विकासको लागि सूचना-प्रविधिलाई महत्वपूर्ण आधारको रुपमा ग्रहण गर्दछौं, त्यस क्षेत्रमा युवाहरुलाई व्यापक रुपमा सहभागी गराउने नीति र कार्यक्रम लागु गर्न विशेष माग गर्दछौं ।

७. रोजगारीलाई युवाको मौलिक अधिकारको रुपमा स्थापित गरी केन्द्र देखि स्थानीय स्तरसम्म युवाको रोजगारीलाई ग्यारेण्टी गर्न विशेष संरचनागत व्यवस्था गरिनुपर्दछ ।

८. रोजगारीलाई सहज तुल्याउन राज्यको केन्द्रीय, प्रान्तिय, तथा स्थानीय तहमा युवा सूचना केन्द्र र केन्द्रीय स्तरमा युवा रोजगार परिषद गठन हुनुपर्छ । समग्र रोजगार प्रवर्द्धनको लागि युवाहरु सम्मिलित अन्तर-प्रान्तिय युवा रोजगार प्रवर्द्धन समिति बनाई रोजगारीका साझा क्षेत्रहरु तथा प्रकृति पहिचान गरी

त्यसमा युवालाई रोजगारको व्यवस्था संघिय सरकारले मिलाउन युवाहरु माग गर्दछौं ।

९. हामी युवाहरु विद्यमान "आकाशे पानी" को भरमा भएको कृषिलाई आधुनिकीकरण र प्रविधियुक्त बनाई कृषि क्षेत्रमा औद्योगिकीकरण गरी रोजगार प्रवर्द्धन गर्न विभिन्न सरोकारवालाहरुसँग सहकार्यको लागि प्रस्ताव गर्दछौं । रोजगारीको द्रुतदर विकासको लागि युवाहरुले स्थानीय श्रोत साधनको परिचालन गर्ने राष्ट्रिय अभियान संचालन गरी रोजगार प्राप्तिको वातावरण तयार पार्न राष्ट्रलाई सहयोग पुर्‍याउने घोषण गर्दछौं र

१०. हामी युवाहरु सामाजिक र आर्थिक रुपले निस्क्रिय युवाहरुलाई सक्रिय र जागरुक बनाउन प्रतिवद्ध छौं ।

**स्थास्थ्य:**

१. हामी युवाहरु स्वास्थ्यलाई हरेक नागरिकको व्यवहारिक मौलिक हकको रुपमा स्थापित गरी त्यसको कार्यान्वयनको लागि स्थानीय, प्रान्तिय र केन्द्रिय स्तरबाट नागरिकले समयमा स्वास्थ्य उपचार पाउने व्यवस्था गर्नुपर्ने अत्यन्त आवश्यक ठान्छौं । राज्यले सबैलाई स्वास्थ्य शिक्षाको अनिवार्य व्यवस्था गर्नुपर्दछ ।

२. बढीमा आधा घण्टा दुरी भित्र स्थानीय तहमा सुविधा सम्पन्न स्वास्थ्य केन्द्र स्थापना गर्ने र उक्त स्वास्थ्य केन्द्रमा कम्तिमा १ जना चिकित्सक रहनुपर्ने माग गर्दछौं ।

३. हरेक समुदायमा युवाहरुको निमित्त स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्न युवाहरुको संयंत्र निर्माण गरिनुपर्ने कुरामा जोड दिन्छौं ।

**युवा सहभागिता:**

१. हामी युवाहरु देश विकासको प्रमुख साझेदार भएको स्वीकार गर्दै, राज्यको स्थानीय देखि संघीय स्तरसम्मको नीति-निर्माण तथा कार्यान्वयन प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिताको लागि जोडदार माग गर्दछौं । यसको सुनिश्चितताको लागि संवैधानिक प्रत्याभुतिको नयाँ संविधानमा व्यवस्था गर्नुपर्ने जोडदार माग गर्दछौं ।

२. मुलधारमा युवाको उचित सहभागिताको लागि स्थानीय निकायमा ४०% प्रान्तको व्यवस्थापिकामा ३०% र कार्यपालिकामा ३०% र संघीय व्यवस्थापिकामा २५% र कार्यपालिकामा २०% युवा प्रतिनिधित्व अनिवार्य व्यवस्था गर्न हामी युवाहरु माग गर्दछौं ।

३. प्रान्तीय र सर्वोच्च लगायत सबै अदालतमा युवा बेन्चको अनिवार्य व्यवस्था गरिनु पर्ने माग गर्दछौं ।

४. राजनीतिक पार्टीको हरेक निकाय र तहमा २०% युवाहरुको प्रतिनिधित्व अनिवार्य हुने व्यवस्था गर्न विशेष माग गर्दछौं ।

५. संवैधानिक अंग तथा निकायहरुमा युवाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने माग गर्दछौं ।

६. संविधानमा युवा सम्बन्धी विषयहरु समावेश गर्न र गराउन संविधानसभा भित्र र वाहिरका युवाहरु एकजुट भइ कार्य गर्न प्रतिवद्ध रहेको घोषणा गर्दछौं ।

७. युवा सम्बन्धी निर्माण भएका नीति-नियम, ऐन-कानून आदि कार्यान्वयन गर्न गराउन युवाहरु संधै क्रियाशील रहने घोषणा गर्दछौं ।

**भेदभावको अन्तः**

१. हामी युवाहरु अब बन्ने राज्य संरचनामा संवैधानिक रुपमै सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक, लैंगिक, धार्मिक प्रकारका कुनै पनि किसिमको विभेदको अन्त्य हुने संवैधानिक व्यवस्था गर्ने गराउने माग गर्दछौं ।

२. विभेद सम्बन्धी उजुरीमा न्यायालयले ३ महिना भित्र अनिवार्य न्याय प्रदान गर्ने अनिवार्य व्यवस्था गरिनुपर्ने विशेष माग गर्दछौं ।

३. भेदभाव तथा विभेद विरुद्ध ग्रामिण स्तरमा युवाहरुद्वारा अन्य सरोकारवालाहरुको समेत सहभागितामा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने घोषणा गर्दछौं ।

४. युवाहरु राज्यको जुनसुकै जिम्मेवारी र पदमा खुला प्रतिस्पर्धावाट स्थापित हुन पाउने व्यवस्था गरिनुपर्छ ।

**राज्य पुनः संरचनाः**

१. राष्ट्रिय रुपमा वहस चलाई युवाहरुले अरु सरोकारवालाहरु सँग मिलेर विभिन्न संयंत्रहरु निर्माण गरी राज्य पुनः संरचनाको खाका संविधानसभामा प्रस्तुत गर्न आगामी दिनमा कटिवद्ध भएर लाग्ने यो सम्मेलन घोषणा गर्दछ ।

२. राज्य पुनः संरचना गर्दा तमाम् युवाका माथि उल्लेखित मुद्दाहरु लगायत अन्य मुद्दाहरुलाई पहिचान गरी ती मुद्दाहरुलाई नयाँ संविधान मार्फत् सम्वोधन गराउन तथा आवश्यक संवैधानिक प्रत्याभूति गराउन विशेष अभियान तथा कार्यक्रमहरु संचालन गर्ने गराउने हामी युवाहरु घोषणा गर्दछौं ।

मितिः २०६५ पौष ९-११ (तदनुसार २४-२६ डिसेम्वर २००८)

धन्यवाद ।